सम्वत् २०७९ सालको कार्यविधि नं. -१६

# उदयपुरगढी गाँउपालिकाको

# स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९।०८।२३

प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणिकरण मितिः२०७९।०८।२३

**उदयपुरगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**उदयपुरगढी, उदयपुर**

**१ नं. प्रदेश, नेपाल**

# <u>उदयपुरगढी गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन तथा सञ्चालन कार्यविधि, २०७९</u>

## प्रस्तावना:

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजिकरण गर्ने लगायतका कार्य गर्नको लागी स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य बीमा बोर्डले देहायको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, २०७९ स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम उदयपुरगढी गाउँपालिका स्वास्थ्य बीमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, **२०७९** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) “ऐन” भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यक्रम” भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) “नियमावली” भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) “पालिका” भन्नाले उदयपुरगढी गाउँपालिकालाई जनाउनेछ ।

(ङ) “बोर्ड” भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ ।

(च) “संयोजन” समिति भननाले नियम २६ बमोजिम स्थानीय तहले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति समझनु पर्छ ।

# परिच्छेद–२

## समितिको गठन

(छ) **संयोजन समिति गठनः** (१) नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष – सदस्य

(ग) गाउँपालिका अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था –सदस्य

(घ) गाउँपालिका अध्यक्षले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वयंसेविका सहित दुई जना –सदस्य

(ङ) शाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने –सदस्य

(च) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड( सम्बन्धित पालिका ) –सदस्य

(छ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत –सदस्य

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्यसूचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ व पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम सम्बन्धित पालिकाको कार्यालयले गर्नेछ ।

**३. काम, कर्तव्य र अधिकार:** संयोजन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) पालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने,

(ग) गरिब पहिचान परिचय पत्रका आधारमा विपन्न, असहाय परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्ड बिच समझदारी गर्ने ,

(घ) नसर्ने रोगको लागी कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसंग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई शसर्त अनुदान उपलब्ध गराउन सक्ने,

(च) पालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा संचालित फार्मेसीमा उपलब्ध

हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने गराउने ।

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तरता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसंग समन्वय गर्ने,

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसंग सम्बन्धित अन्य विषयहरु ।

**४. बजेट:** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय संचालनको लागी आवश्यक खर्चको व्यवस्था पालिकाले गर्न सक्नेछ ।

५. नियमित ३ वर्ष गाउँपालिकाले नि:शुल्क वीमा गर्नुपर्ने:- बोर्ड संगको सम्झौतानुसार स्वास्थ्य वीमा सुविधा प्राप्त गर्ने वीमकहरुको लगातार ३ वर्ष गाउँपालिकाले नि:शुल्क वीमा गरि दिनु पर्नेछ । सो पछि लाभग्राही स्वयम्ले निजको वीमा नविकरण गर्नुपर्ने छ ।

## परिच्छेद -३

## विविध

६. **कार्यविधिमा संशोधन:** पालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

६. **बाधा अड्काउ फुकाउने अधिकार:** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडचन पर्न आएमा पालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउने सक्नेछ ।

७. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।